# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालीकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल


पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- ७६

मिति :- २०७५/८/१९

**विषय- उपभोक्ता समिति गठन सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै)
दक्षिणकाली नगरपालिका ।

उपर्युक्त सम्बन्धमा यस नगरकार्यपालिकाको मिति २०७५ कात्तिक २८ गते बसेको ६१ औं बैठकको निर्णयानुसार चालु आ.ब. ०७५/०७६ को लागि स्वीकृत योजनाहरु तत्काल संचालन गर्नुपर्ने भएको हुँदा निम्नानुसारको प्रक्रिया पुरा गरी यथासिघ्र त्यस वडा भित्र संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गरी यस कार्यालयमा सम्झौताको लागि सिफारिस गर्नु हुन अनुरोध गरिन्छ ।

<u>उपभोक्ता समिति गठन प्रक्रिया</u>

- समितिमा ७ देखि ११ जनाको हुने ।
- कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने । एकजना पदाधिकारी तथा खाता सञ्चालक महिला हुनुपर्ने ।
- भेलाको लागि ७ दिन अगावै सार्वजनिक सूचना गर्नुपर्ने ।
- भेला आयोजना स्थलमै कार्यालयको प्रतिनिधिको उपस्थितिमा बस्नुपर्ने ।
- समिति सर्वसम्मत रुपमा गठन गर्नु पर्ने । सर्वसम्मत हुन नसकेमा बहुमतबाट गर्ने ।
- एकजना व्यक्ति एउटा मात्र उपभोक्ता समितिमा बस्न पाउने ।
- एउटै समितिमा एकाघरका व्यक्ति सदस्य हुन नपाउने ।

<u>उपभोक्ता समितिका सदस्यको योग्यता</u>

- सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा ।
- १८ वर्ष उमेर पुरा भएको ।
- फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
- सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको।
- अन्य उपभोक्ता समितिमा सदस्य नरहेको ।
- तर जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

<u>आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु</u>

- चालु आ.ब.मा योजना तथा कार्यक्रमको लागि बजेट स्वीकृत भएको हुनु पर्ने ।
- उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि पेश गर्नु पर्ने ।


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं. +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Webssite : www.dakshinkalimun.gov.np

- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
- पूर्वाधार निर्माण सम्बन्धमा (प्राविधिकबाट आयोजनाको लागत अनुमान विवरण) ।
- कार्यक्रम संचालन सम्बन्धमा (प्रस्तावना (प्रपोजल) तयार गरी पेश गर्ने र न.पा.बाट स्वीकृत हुनु पर्ने)।
- उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय ।
- खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु ।

<u>आयोजना फरफारकको लागि आवश्यक कागजातहरु</u>

- उपभोक्ता समितिको बैठकको निर्णय ।
- सार्वजनिक परीक्षण प्रतिवेदन ।
- अनुगमन समितिको सिफारिस ।
- वडा कार्यालयको सिफारिस ।
- पूर्वाधार निर्माणको सम्बन्धमा (प्राविधिक मुल्याङ्कन/फोटो/बिल भर्पाई/२०,०००।- भन्दा माथिको खरिदको लागि कोटेशन) ।
- कार्यक्रम संचालन सम्बन्धमा (प्रतिवेदन/फोटो/बिल भर्पाई/२०,०००।- भन्दा माथिको खरिदको लागि कोटेशन) ।

२०७४।८।१५

........................

**टीकाराम ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**